# लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति, २०७९

स्थानीय सरकार

## कर्जन्हा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कर्जन्हा सिराहा

मधेश प्रदेश

# विषय सूची


१. पृष्ठभुमि ........ १
१.१ नगरपालिकाको संक्षिप्त परिचय ........ १
१.२ रणनीतिक योजनाको आवश्यकता ........ २
२. अवस्था बिश्लेषण ........ ३
२.१ SWOT बिश्लेषण (S-Strength, W-Weakness, O-Opportunity, T-Threat) ........ ३
२.२ लक्षित वर्ग पहिचान ........ ७
२.३ सरोकारवाला पहिचान ........ ७
३. दीर्घकालिन सोच ........ ८
४. लक्ष्य ........ ८
५. उद्देश्य ........ ८
६. नीति ........ ८
७. रणनीति ........ १०
८. रणनैतिक कृयाकलापहरू ........ १३
९. वित्त व्यवस्थापन ........ १९
१०. कानुनी व्यवस्था ........ १९
११. रणनीति कार्यान्वयनको जिम्मेवारी तथा दायित्व ........ १९
१२. रणनीति कार्यान्वयन अनुगमन सम्बन्धि व्यवस्था ........ २२
१३. जोखिमता र जोखिम निराकरणका उपायहरू ........ २३
१४. निष्कर्ष ........ २४

## १. पृष्ठभुमि

नेपालको संविधान, २०७२ प्रस्तावनमा लैङ्गिक विभेद अन्त्य गरी समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था गरेको छ। त्यस्तैगरी संविधानको धारा ३८ ले मौलिक हक अन्तर्गत महिलाको हक, धारा ४२ ले सामाजिक रूपले पछाडि परेका तथा पछाडि पारिएका महिला लगायतलाई समावेशी सिद्धान्तका आधारमा राज्यको संरचना तथा सार्वजनिक सेवामा सहभागिताको हक हुने उल्लेख गरी सामाजिक न्यायको हक तथा धारा ४३ ले आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका एकल महिला लगायतलाई कानुन बमोजिम सामाजिक सुरक्षाको हक सुनिश्चित गरेको छ। यसका साथै राज्यले नागरिकहरूका बीच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन भनी व्यवस्था गरेको छ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा २४ ले नगरपालिकाले आफनो अधिकार क्षेत्र भित्रका बिषयमा स्थानीय स्तरमा विकासका लागि आवधिक, बार्षिक, रणनीतिगत रुपमा मध्यकालिन तथा दिर्घकालिन योजना बनाई लागू गर्नुपर्ने कुरालाई कानुनी दायित्वको रुपमा व्यवस्था गरेको र सोही दफाको उपदफा (२) मा योजना बनाउदा लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्बन्धी अन्तरसम्बन्धित विषयलाई ध्यान दिनु पर्ने भनी उल्लेख गरेको छ।

यस सन्दर्भमा कर्जन्हा नगरपालिकाले लैङ्गिकमैत्री समावेशी नगरपालिका बनाउने परिकल्पना अनुरुप समुदायमा पछाडी पारिएका वा परेका महिला, दलित, आदिवासी जनजाती, मधेसी, थारु, मुस्लिम, पिछडावर्ग, अल्पसंख्यक, सीमान्तकृत, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, एकल महिला, असहाय र हिंसा पीडितहरुलाई समान सहभागिता, अग्रसरता र निर्णय प्रक्रियामा सहभागिताको भूमिकासहित लैङ्गिक समानता र सामाजिक समावेशीकरण मार्फत सवैले आत्मसम्मान वोध हुने वातावरण निर्माण गर्न र नगरपालिकावाट गठन तथा सञ्चालन हुने समिति, संरचना र क्रियाकलापहरुलाई मुलप्रवाहीकरणको माध्यमवाट लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण पद्धतिलाई संस्थागत गर्न आवश्यक देखिएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११, उपदफा २, बुँदा ठ को उपबुँदा २ द्वारा प्रदत्त अधिकार प्रयोग गरी "कर्जन्हा नगरपालिकाको लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति, २०७९" तयार गरिएको छ।

### १.१ नगरपालिकाको संक्षिप्त परिचय

कर्जन्हा नगरपालिका मधेश प्रदेश अन्तरगत सिराहा जिल्लामा अवस्थित बहुल विशेषता बोकेको नगरपालिका हो । साविकका कर्जन्हा, बडहरामाल, कल्याणपुर कालाबञ्जर र गौताडी गाविसहरू मिलेर बनेको यो नगरपालिका ७६.८४ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको छ। नगर वस्तुगत विवरण २०७५ अनुसार नगरपालिकाको कूल जनसंख्या ३१,३५८ रहेको देखिन्छ। सिराहा जिल्लामा विद्यमान रहेका ८ नगरपालिका र ९ गाउँपालिका गरी १७ वटा स्थानीय तह मध्ये कर्जन्हा नगरपालिका एक हो। नगरपालिकाको केन्द्र साविक कर्जन्हा गाविसको कार्यालय रहेको स्थानमा रहेको छ। सिराहा जिल्लामा रहेको यो नगरपालिका संघीय प्रतिनिधि सभा निर्वाचन प्रयोजनका लागि निर्वाचन क्षेत्र नं ४ मा पर्दछ। त्यसैगरी प्रदेश सभा निर्वाचन

प्रयोजनका लागि जिल्लाभरमा तय गरिएका ८ निर्वाचन क्षेत्रमध्ये क्षेत्र नं. ४ (१) मा पर्दछ। साविकका ४ गाविसहरू समावेश गरी बनेको यस कर्जन्हा नगरपालिकामा ११ वडाहरू रहेका छन्।

## १.२ रणनीतिक योजनाको आवश्यकता

नेपालको संविधानमा व्यवस्था भएको मौलिक हक, राज्यको पुनर्संरचना र अधिकारको बाँडफाँटको कार्यान्वयनलाई प्रभावकारी बनाउन, चालु पन्ध्रौं योजनाका लक्ष्य एवं उद्देश्य हासिल गर्न, दिगो विकास लक्ष्य प्राप्तिका लागि समाजमा रहेको कुरीति, कुप्रथा र भेदभाव हटाई समान पहुँच र अवसर प्रदान गरी समानता कायम गर्नका लागि न्यायपूर्ण समाजको स्थापना गर्नु आवश्यक रहेको छ। नेपालले गरेको अन्तराष्ट्रिय प्रतिवद्धतालाई पूरा गरी लैङ्गिक समानता कायम गर्नका लागि नगरपालिका स्तरीय लैङ्गिक समानता रणनीति आवश्यक रहेको छ। यसैगरी संघीय व्यवस्था प्राप्तिका लागि मधेशी जनताबाट भएको बलिदानलाई कदर गर्दै समाजमा विद्यमान रहेका विभिन्न प्रकारका विभेदलाई हटाई नजिकको `सरकारको रुपमा रहेको यस नगरपालिकाबाट आफ्नो भुगोलमा रहेका जनताहरुबीच समानता कायम गराउन रणनीतिको आवश्यकता महसुस गरी तयार गरिएको हो।

विभिन्न समूहका महिलाहरूबीचको असमानतामा वृद्धि भैरहेको र पहिचानका समस्याले गर्दा लक्षित महिला, सीमान्तकृत तथा विपन्न महिलाहरूले सेवा सुविधा प्राप्त गर्न नसकेकाले, राज्यका संरचनाहरूमा सकारात्मक विभेदका नीतिहरू लागू भएतापनि प्रतिफल हासिल गर्न पूर्ण प्रतिवद्धताको कमी भएकाले, महिला तथा बालबालिका माथि हुने सबै प्रकारका हिंसा, बेचबिखन, घरायसी कामकाज, गरिवी सम्बन्धी खण्डीकृत तथ्यांकको अभाव रहेको र लैङ्गिक समानता र महिला सशक्तीकरणको लागि नियमित र चुस्त अनुगमन पद्धतिको पनि अभाव भएकोले, महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पछाडि पारिएको वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय आदिलाई शिक्षा, स्वास्थ्य सेवा पहुँच, रोजगारी सिर्जना गर्ने क्षेत्रमा ज्यादै कम लगानी गर्ने प्रवृत्ति भएकोले, नगरपालिकाबाट तर्जुमा गरी कार्यान्वयन गरिने सबै नीति, योजना तथा कार्यक्रमहरूलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको दृष्टिकोणबाट विश्लेष्ण गरी विषेश गरी महिला, दलित तथा पिछडिएका वर्गको आर्थिक, सामाजिक, राजनैतिक र सांस्कृतिक अवस्थामा सुधार गर्नुपर्ने जरूरी भईसकेकोले यो रणनीति तर्जुमा गरिएको हो।

लैङ्गिक समानता कायम गर्न यस नगरपालिकाले हासिल गरेको उपलव्धिलाई निरन्तरता दिँदै लैङ्गिक उत्तरदायी शासन संचालन पद्धतिलाई स्थानीय तहदेखि नै संस्थागत गर्न यस रणनीतिले मूल नीतिको रुपमा मार्गनिर्देश गर्नेछ। यस नीतिले यस नगरपालिका भित्र रहेका सार्वजनिक क्षेत्र, नीजि क्षेत्र, सहकारी क्षेत्र, गैरसरकारी संस्था एवं सामुदायिक संस्था सबैमा लैङ्गिक संवेदनशील व्यवहारको विकास गरी लैङ्गिकमैत्री नीति, योजना एवं कार्यक्रममा सामन्जस्यता ल्याउन समन्वय गर्नेछ। ***समृद्ध नेपाल, सुखी नेपाली*** को साझा राष्ट्रिय आकाक्षां र ***मानव विकास र पहिचानः समृद्ध मधेश समाज*** भनी मधेश प्रदेशले निर्धारण गरेको सोचका साथै कर्जन्हा नगरपालिकाले लिएको लक्ष्य ***कर्जन्हा नगरपालिकाको समृद्धिको आधारः शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधार*** पूरा गर्न सहयोग गर्नेछ।

## २. अवस्था विश्लेषण

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको रणनीति तयारी गर्नका लागि पहिलो चरणमा वर्तमान अवस्था विश्लेषण गरिनुपर्दछ। नगरपालिकाको अवस्था विश्लेषणका लागि ३ वटा क्षेत्र निर्धारण गरिएकोछ जसमा पहिलो क्षेत्रमा सवल पक्ष, कमजोरी, अवसर र चुनौतिहरुको विश्लेषण गरिएको छ भने दोस्रो क्षेत्रमा सरोकारवालाहरुको पहिचान र तेस्रो क्षेत्रमा लक्षित समूहहरु को को हुन भनी खोजी गरिएको छ। जसको विवरण निम्नानुसार प्रस्तुत गरिएकोछ।

### २.१ SWOT विश्लेषण (S-Strength, W-Weakness, O-Opportunity, T-Threat)

कर्जन्हा नगरपालिकाको लैससासको दृष्टिकोषवाट बलियो पक्ष (Strength), कमजोर पक्ष (Weakness), अवसर (Opportunity) तथा चुनौती (Threat) विश्लेषण गरिएको छ।यसरी विश्लेषण गर्दा नीति कानूनमा समावेशिता, संस्थागत व्यवस्थामा समावेशिता, मानव संसाधन तथा क्षमता विकासमा समावेशिता, सेवा प्रवाहमा समावेशिता र सुसासन तथा उत्तरदायित्वमा समावेशितामा आधारित रहेर विश्लेषण गरिएकोछ।जसलाई निम्नानुसार तल प्रस्तुत गरिएको छः

**सवल पक्षः**

- कर्जन्हा नगरपालिकाको दलित सामाजिक सुरक्षा कार्यक्रम संचालन ऐन, २०७७ तयार गरेको
- पदाधिकारीहरुको आचारसंहिता, २०७७ लागू गरिएको र यसको भाग २ को दफा ३.२ (ख) मा कुनै पनि आधारमा स्थानीय तहका वासिन्दाहरुलाई भेदभाव गर्ने वा समान सुरक्षा, सेवा, सुविधा र संरक्षणबाट बञ्चित गरिनेछैन भनी उल्लेख गरिएको।साथै यसैमा महिला, बालबालिका, अपांगता भएका व्यक्ति, दलित, जेष्ठ नागरिक लगायत पछि परेका वर्ग, क्षेत्र तथा समुदायको हकहितका लागि विशेष व्यवस्था गर्न प्रतिवद्धता जाहेर गरिएको
- पदाधिकारीहरुको आचारसंहिता २०७७ को दफा ३.८ को क देखि घ सम्म उल्लेखित बुँदाहरुले सामाजिक सौहार्दता र समावेशीकरणप्रति दृढ संकल्पित रहने प्रतिवद्धता राखिएको
- बार्षिक नीति तथा योजनामा लैससास सम्बन्धी विषयहरु राखिएको र कार्यक्रमका लागि यस वर्ष रु. ३५ लाख ८५ हजार विनियोजन गरिएको
- युवा स्वरोजगारका लागि २०७७/०७८ मा रु.२० लाख र २०७८/०७९ मा रु. १० लाख रकम विनियोजन गरिएको (महिला पछाडी परेका समुदायका युवाहरूलाई प्राथमिकतामा राखेको)
- कूल २१ सदस्यीय कार्यपालिकामा ३३ प्रतिशत अर्थात ७ जना महिला (दलित ४ जना, जनजाति २ जना र अन्यबाट एक जना) रहेको

- कूल ६० सदस्यीय नगरसभामा महिला ४३ प्रतिशत अर्थात २६ जना (दलित १४ जना, जनजाति ५ जना, मधेसी ५ जना र अन्य २ जना) रहेको
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको विवरण अद्यावधिक राखिएको
- समाजमा रहेका विभिन्न सामाजिक कुरीति (जातिगत छुवाछुत, बाल विवाह, बहु विवाह, दाइजो, आदि) हटाउन स्थानीय तहले जनचेतनामूलक कार्यक्रम र एफएमबाट सन्देशमूलक कार्यक्रम संचालन गरिएको
- अघिल्लो कार्यकालका पदाधिकारी र केही कर्मचारीहरुले समावेशी विकास तथा लैङ्गिक हिंसा निवारण सम्वन्धी तालीम लिएको
- १६ दिने अभियान संचालन गरिरहेको
- विपत व्यवस्थापन कोषको लागि रू एक करोड विनियोजन गरिएको
- खोप, पोषण सम्बन्धी कार्यक्रमहरू संचालन भइरहेको
- महिला, आर्थिकरूपले विपन्न घर परिवार लगायत लक्षित समुहको स्वास्थ्य बिमा गर्न सहजीकरण र उपचार खर्च दिइरहेको
- विद्यालय जाने उमेर समुहका सबै बालबालिकालाई विद्यालयमा भर्ना अभियान संचालन गरिएको
- विद्यालयमा छात्र र छात्राका लागि छुट्टा छुट्टै शौचालय रहेको र किशोरी छात्राको लागि सेनेटरी प्याड, साबुन लगायत आवश्यक सामाग्रीको व्यवस्था रहेको
- गरीवि निवारणका लागि लघुउद्यम विकास कार्यक्रम लक्षित वर्गमा संचालन भएको
- निरक्षर महिलाहरूको लागि शिक्षा सम्बन्धी कार्यक्रम साझेदारीमा संचालन भएको
- स्थानीय भाषामा सूचना प्रवाह र प्रसारण हुने गरेको (रेडियो कार्यक्रम)
- नगरपालिकामा विषयगत समितिहरू गठन गरिएको र सामाजिक विकास समितिले महिला दलित र विपन्न जेष्ठ नागरिकहरूको लागि बजेट र कार्यक्रम तय गर्न सहयोग गरिरहेको
- नगरपालिकाले संघ र प्रदेश सरकारले तय गरेका नीति, कानून तथा कार्यक्रमहरूको कार्यान्वयनमा सहकार्य, समन्वय र सहजीकरण गरेको

**सुधार गर्नुपर्ने पक्षः**

- कानुन निर्माण र पास गर्दा लैससास दृष्टिले विश्लेषण नगरिएको
- आवधिक योजना तयार नभएको

- लक्षित समुदायको विकासका लागि निश्चित बजेट छुट्याउने व्यवस्था नरहेको
- लैससास परिक्षण नभएको
- दिगो विकास लक्ष्य सम्वन्धमा पालिकामा छलफल वा अभिमुखीकरण नभएको
- महिलाको आवश्यकतालाई व्यवहारिक र रणनीतिक गरि छलफल गरिएको छैन
- पालिका र वडामा कार्यरत कूल ६० जना कर्मचारी कार्यरत रहेकोमा ७० प्रतिशत (४२ जना) करारका कर्मचारी रहेको
- कूल कर्मचारी मध्ये करीव २२ प्रतिशत अर्थात १३ जना महिला कर्मचारी (दलित ५ जना, जनजाति २ जना, मधेसी ४ र अन्य २ जना) रहेको
- लैङ्गिक विकास हेर्ने छुट्टै इकाइको व्यवस्था नभएको
- लैससास कार्यान्वयन समिति गठन नभएको
- लैङ्गिक हिंसा निवारण कोष स्थापना नभएको
- महिला तथा लक्षित वर्गको सीप विकास, नेतृत्व विकास तथा क्षमता अभिवृद्धिका लागि नीतिगत व्यवस्था सहित बजेट विनियोजन भएपनि प्रभावकारी कार्यान्वयन नभएको
- वडा तथा वस्ति स्तरको आधारभूत खण्डिकृत सूचना (जात, वर्ग, लिंगका आधारमा) संकलन तथा अद्यावधिक नभएको
- समावेशी विकास तथा लैङ्गिक हिंसा निवारण सम्वन्धी तालीम अघिल्लो कार्यकालका पदाधिकारी र कर्मचारीहरूले लिएको भएपनि यस सम्वन्धी अभिलेख नभएको
- मानव संसाधन विकास शाखा स्थापना नभएको
- जनशक्तिको कमी रहेको
- महिला तथा लक्षित समुदाय केन्द्रित लोकसेवा, शिक्षक सेवा आयोग पुर्व तयारी कक्षाहरु संचालन नभएको
- महिला विरुद्ध हुने सवै प्रकारका हिंसा निवारण गर्ने कार्यक्रमका लागि बजेट विनियोजन सामान्य गरेको
- लैङ्गिक हिंसा मुक्त पालिका घोषणा नभएको
- राष्ट्रिय तथा अन्तराष्ट्रिय कानून कार्यविधिका वारेमा लक्षित समुहलाई प्रतिनिधित्व गर्ने जनप्रतिनिधि तथा कर्मचारीहरुलाई अभिमुखीकरण न्युन भएको
- स्थानीय तहका प्रत्येक वडामा महिलाका लागि कानूनी सचेतना सम्बन्धी अनुशिक्षण कार्यक्रम संचालन नभएको
- महिला, वालवालिका, अपाङ्गता मैत्री संरचना निर्माणको प्रावधान नभएको
- प्रजनन् स्वास्थ्य सम्वन्धी वार्षिक नीति र कार्यक्रममा गर्भवती महिलालाई जोखिमयुक्त तथा खतरायुक्त काममा नलगाउने व्यवस्था गरी सोको कार्यन्वयन नभएको

- नगरपालिकाको कार्यालय, अस्पताल वा स्वास्थ्य चौकी र पालिकाको सार्वजनिक स्थलहरुमा कर्मचारी लगायत सेवाग्राहीलाइ लक्षित गरी अलग्गै स्तनपान कक्षको व्यवस्था नभएको
- फोहोर व्यवस्थापनको लागि संकलन तथा विसर्जनका कार्यक्रमहरु नभएको
- बार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा बेरोजगारी र गरीबी नक्साङ्कन समेतको आधार लिई महिला तथा लक्षित समुदायलाई प्रत्यक्ष लाभ हुने स्वरोजगारमूलक, आयमूलक र सीपमूलक कार्यक्रमहरू केही समावेश भएपनि प्रभावकारी नभएको
- ग्रामीण महिला प्राविधिकहरू (पशु सेवा, कृषि, खाध प्रविधि, वन, स्वास्थ्य र पूर्वाधार लगायतका विषय सम्बन्धी प्राविधिक) र सामाजिक परिचालक तयार गर्ने पालिका स्तरीय नीति र कार्यक्रम संचालन नरहेको
- सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण कार्यक्रममा लक्षित समुहका व्यक्ति तथा समुदायका सदस्यको उपस्थिति अनिवार्य नगरिएको
- लैङ्गिक समानता तथा समावेशी विकासको लागि विभिन्न सरोकारवाला निकायहरूबीच सञ्जाल निर्माण नभएको
- आफ्नै कार्यालय भवन नहुनु

**अवसर**

- प्रदेश सरकारबाट बेटी पढाउ बेटी बचाउ योजना संचालन गरिरहेको
- विभिन्न जातजातिहरुको मिश्रित बसोवास रहेको
- कानुन कार्यान्वयन र योजना कार्यान्वयनमा उत्कृष्ठ कार्यसम्पादन गर्ने शाखा तथा कर्मचारीलाई पुरस्कृत गर्ने प्रावधान भर्खरै शुरु गरिएको
- आन्तरिक बजेटको स्रोत राम्रो रहेको
- संघ र प्रदेश सरकारका महत्वपूर्ण व्यक्तिहरुसंग यस पालिकाको जनप्रतिनिधिहरुको सिधै सम्पर्क हुन सक्नु

**चुनौति**

- विद्यालयमा व्यवहारिक शिक्षा (कृषि, नैतिक शिक्षा) को अध्यापन हुन नसक्नु
- रुढीवादी र पौराणिक विचारधारा अझै विद्यमान रहनु
- शैक्षिक स्तर अझै पछाडी रहनु र जनचेतनाको कमी हुनु
- छुवाछुत कायमै रहनु, छोरा र छोरीबीच विभेद रहिरहनु, परम्परागत मूल्य मान्यताको कारणले सामाजिक समावेशीकरण सम्बन्धी नीति नियम कार्यान्वयन गर्न कठिनाई हुने
- बेला बेला स्थानीय समुदायबीच सामाजिक विखलन आउनु
- गरीविलाई भाग्यसंग जोड्नु
- महिलाले पनि पुरूष सरह क्षमता देखाउन सक्छ भन्ने कुरामा विश्वास नहुनु
- महिलाबाट हुने कामको मूल्यांकन नहुनु

- विद्यमान नीति तथा प्रतिवद्धताहरुलाई कार्यान्वयन गर्नका लागि सरोकारवालाहरुको चासो वा दवाव नहुनु

## २.२ लक्षित वर्ग पहिचान

यस रणनीतिको उद्देश्य नै लक्षित बर्गलाई विकास प्रक्रियामा संलग्न गराई ती वर्गहरुलाई मूलप्रवाहमा ल्याउनु रहेकोले यस नगरपालिकामा पहिचान गरिएका लक्षित वर्गको विवरण निम्न रहेको छः

क) महिला (दलित, एकल र विपन्न)
ख) बालबालिका
ग) अनाथ,असहाय
घ) जेष्ठ नागरिक
ङ) दलित (तराई तथा मधेसी)
च) मजदुर
छ) विपन्न वर्ग
ज) सुकुम्वासी
झ) अपाङ्गता भएका व्यक्ति
ञ) यौनिक अल्पसंख्यक
ट) द्वन्द्व पीडित

## २.३ सरोकारवाला पहिचान

यस नगरपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति कार्यान्वयनका लागि तल उल्लेखित सरोकारवालाहरू पहिचान गरिएको छ र सम्बन्धको आधारमा सरोकारवालाहरूलाई बर्गीकरण समेत गरिएको छः

| प्रत्यक्ष सम्पर्क हुने स्थानीय सरोकारवालाहरु | दोस्रो माध्यमबाट सम्पर्क हुने सरोकारवालाहरु | अप्रत्यक्ष सम्पर्क हुने सरोकारवालाहरु |
|---|---|---|
| नगरपालिका र | कृषि सहकारी संस्था | प्रादेशिक मन्त्रालयहरु |
| वडा कार्यालय, | वचत तथा ऋण सहकारी संस्था | प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र |
| न्यायिक समिति | पशु सहकारी संस्था | महिला आयोग |
| नगरपालिकाको शाखाहरु | बैंक | दलित आयोग |
| प्रहरी कार्यालय | लघुवित्त | मुस्लिम आयोग |
| सामुदायिक विद्यालयहरू | गैर सरकारी संघ संस्थाहरू | मानव अधिकार आयोग |
| स्वास्थ्य चौकी | महिला समूह | प्रदेश नीति तथा योजना आयोग |
| खानेपानी उपभोक्ता समिति | युवा समूह | दातृ निकायहरू |

| प्रत्यक्ष सम्पर्क हुने स्थानीय सरोकारवालाहरु | दोस्रो माध्यमबाट सम्पर्क हुने सरोकारवालाहरु | अप्रत्यक्ष सम्पर्क हुने सरोकारवालाहरु |
|---|---|---|
| वाल विकास केन्द्र | बाल समूह/संजाल | संचार माध्यमहरू |
| | कृषक समूह | |
| | राजनीतिक दलहरू | |

### ३. दीर्घकालिन सोच

विभेदरहित, सामाजिक समावेशी र समृद्ध नगरपालिका

### ४. लक्ष्य

लैङ्गिक तथा सामाजिक उत्तरदायी संस्थागत संरचना, नीति र कार्यप्रणाली मार्फत समतामूलक समाजको निर्माण गर्ने

### ५. उद्देश्य

१. लैससास सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धता सन्धि संझौताहरु र नीति कानुन कार्यान्वयन गरी मूल प्रवाहीकरण गर्ने।

२. लैङ्गिक उत्तरदायी बजेट निर्माण मार्फत महिला सहभागिता अभिवृद्धि गरेर लैङ्गिक उत्तरदायी शासन पद्धती अवलम्वन गर्ने।

३. श्रोत साधनमा लक्षित वर्ग[1]को पहुँच अभिवृद्धि गरी न्यायोचित वितरणलाई संस्थागत गर्ने।

४. संस्थागत व्यवस्था अन्तरगत कार्यप्रणाली, वित्त व्यवस्थापन एवम तथ्याङ्कमा समेत महिला एवम लक्षित वर्गको समावेशितालाई सुनिश्चित गरी आर्थिक रुपमा सशक्तिकरण गर्ने।

५. सम्पर्क, समन्वय र सहकार्यको माध्यमबाट अनौपचारिक मूल्य मान्यता कुसंस्कार विरुद्ध जनचेतना वृद्धि गरी सामाजिक दृष्टिकोण परिवर्तन गर्दै समृद्ध र लैङ्गिक तथा सामाजिक समावेशितामा आधारित समाज स्थापना गर्ने।

६. शिक्षा, स्वास्थ्य खानेपानी तथा सरसफाइसंग सम्बन्धित सेवा प्रवाहमा लैससासलाई प्राथमितामा राख्ने र प्रत्येक चरणमा लैससास दृष्टिकोणवाट अनुगमन मूल्याङ्कन गर्ने परिपाटीलाई संस्थागत गर्ने।

### ६. नीति

---

[1] लक्षित वर्ग भन्नाले विकासको मूलप्रवाहबाट बाहिर रहेका सवै जातिका महिला, दलित, जनजाति र विपन्न समुदायलाई जनाउँछ ।

१. पालिकाले निर्माण गरेका सवै कानून, नीति नियम, निर्देशिका कार्यविधिहरु महिला, बालबालिका, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, अपाङ्ग, एकल महिला, अनाथ, जेष्ठ नागरिक, दलित, लोपउन्मूख सिमान्तकृत आदिवासी जनजाती सहित समग्र लक्षित वर्ग मैत्री वनाउदै लैजाने।

२. वार्षिक बजेट निर्माण गर्दा सामाजिक विकास, पुर्वाधार, कृषि वन तथा भूमिसुधार, गरिबी निवारण, स्थानीय विकाश तथा शान्ति एवम सुशासनसंग सम्बन्धित सवै क्षेत्रको वजेटलाई लैङ्गिक उत्तरदायी वनाउने।

३. निर्माण भएका संघीय तथा स्थानीय कानून कार्यविधिहरुका वारेमा कर्मचारीहरुलाई अद्यावधिक गर्दै लैजाने।

४. लैससास वारे संविधानमा भएका व्यवस्थाहरूको कार्यान्वयन गर्न, वर्तमान संघीय शासन स्वरूप, नीति, नियम, ऐन, कानून, कार्यबिधि, साथै राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धताहरूको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक संस्थागत संरचना, सचेतीकरण तथा क्षमता विकास गर्ने।

५. लक्षित वर्ग विकासका लागि छुट्टै शाखा स्थापना गरी महिला बालबालिका तथा जेष्ठ नागारिकहरुको सवाललाई प्रत्यक्ष रुपमा संवोधन गर्दै लैजाने।

६. वार्षिक बजेट तर्जुमामा छुट्टै कोष स्थापना गरी लैङ्गिक हिंसा निवारण, महिला सीप विकास लगायत क्षमता विकासका कृयाकलापहरु संचालन गरि महिला पुरुष समविकासलाई वढावा दिने।

७. मानव संसाधन विकास शाखा स्थापना गरि महिला तथा विपन्न लक्षित वर्गको क्षमता विकासलाई पहिलो प्राथिमिकतमा राखेर कार्यान्वयन गर्दै लैजाने।

८. हरेक वर्ष लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गरि त्यसले औल्याएका कमी कमजोरीहरुलाई अर्को वर्षको कार्यक्रममा समेटेर श्रोत साधनमा लक्षित वर्गको पहुँच अभिवृद्धि गर्दै लैजाने।

९. महिला तथा बालबालिकासंग सम्बन्धित सबै अन्तराष्ट्रिय सन्धि संझौताहरु, प्रतिवद्धताहरु तथा दिगो विकास लक्ष्यलाई स्थानीयकरण गरी सहयोगी संस्थाहरूको समन्वय र सहकार्यमा त्यसका सूचकहरु पुरा गर्दै लैजाने।

१०. लक्षित वर्ग पहिचान हुने गरि खण्डिकृत तथ्याङ्कहरु संकलन तथा अद्यावधिक गरि त्यसका आधारमा योजना तर्जुमा र बजेट विनियोजन गर्ने नीति अवलम्वन गर्ने।

११. बालबालिका तथा अपाङ्ग एवं जेष्ठ नागरिकहरुलाई सामाजिक संरक्षण प्रदान गर्ने।

१२. शिक्षा स्वास्थ्य खानेपानी तथा सरसफाई जस्ता समाजिक विकासका क्षेत्रहरुमा लैससाससंग सम्बन्धित सूचकहरु निर्माण गरी नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने।

### ७. रणनीति

यस कर्जन्हा नगरपालिकामा लैंगिक समानता तथा सामाजिक समावेशीकरणलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि नगरपालिकामा रहेका अशक्त, गरीब तथा लक्षित वर्गलाई *मूलप्रवाहीकरण* गरी नगरपालिकाका सम्पूर्ण गतिविधिहरुलाई लैससास दृष्टिकोणबाट *अनुगमन तथा मूल्यांकन* गर्दै चार "स" को रणनीति लिईनेछ।

| मूलप्रवाहीकरण | पहिलो सः समावेशीकरण, सशक्तिकरण तथा क्षमता विकास | अनुगमन तथा मूल्यांकन |
|---|---|---|
| क) महिला, गरिब र बहिष्करणमा परेका समुदायले भोगेका समस्या र सवालहरूको पहिचान तथा लेखाजोखा गरि नीतिगत ब्यवस्थाहरू, संस्थागत प्रणाली तथा संरचनाहरू, योजना, बजेट, पँहुचयुक्त अवसर, सेवामूलक कार्य, अनुगमन, मूल्यांकन र अनुसन्धान आदि कार्यमा समान अवसर मार्फत सवाल र समस्याको सम्बोधन गरि विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्ने।<br><br>ख) लैङ्गिक उत्तरदायी बजेट मार्फत सवै क्षेत्रमा महिला सहभागिता अभिवृद्धि गरि लैङ्गिक मूलप्रवाहीकरण गर्ने। | क) विकासका अवसरवाट वञ्चित समुदायलाई आर्थिक सामाजिक तथा राजनैतिक क्षेत्रसंग सम्बन्धित सवै कृयाकलापहरुमा अर्थपुर्ण सहभागिता गराई समावेशी शासन प्रणालीको अवलम्वन गरिनेछ।<br>ख) लैङ्गिकतामा आधारित श्रम विभाजनको परम्परालाई परिवर्तन गरी श्रमबजारमा महिलाको सहभागिता अभिवृद्धि गरी अर्थतन्त्रमा महिलाको योगदानको मूल्याङ्कन गरिनेछ।<br>ग) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मार्फत बञ्चितिकरणमा परेको समुदायलाई अवसरमा प्राथमिकतासंगै क्षमता विकास तथा सीप विकास गरी सामाजिक र आर्थिक क्षेत्रका सवै कृयाकलापहरुमा प्रतिस्पर्धीको रुपमा आउन सक्ने वनाईनेछ।<br>घ) स्वरोजगार र उद्यमशिलताको एकिकृत कार्यक्रमका माध्यमवाट महिला तथा वञ्चितिकरणमा परेका वर्गको आर्थिक सशक्तिकरण गरिनेछ ।<br>ङ) कृषि, पशुपालन, सहकारी, घरेलु उद्योग तथा पर्यटन विकासको माध्यमवाट विपन्न तथा बञ्चितिकरणमा परेका समुदायलाई रोजगारी प्रदान गर्ने तथा स्वरोजगार वन्ने अवसर प्रदान गरिनेछ।<br>च) पछाडि परेका असक्त, गरीब तथा लक्षित समूहको चुस्त र दुरुस्त संस्थागत संरचना मार्फत योजनाबद्ध रुपमा व्यक्तिगत र सामूहिक सचेतीकरण तथा क्षमता अभिबृद्धि गरी नगरपालिकाको समग्र विकास प्रक्रियामा निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा सामाजिक क्षमता बिकास | प्रत्येक चरणमा गरिने अनुगमन मूल्याङ्कनमा लैससासको दृष्टिकोणवाट गर्ने र पछिल्लो चरणमा गर्ने अनुगमनमा अघिल्लो पटक दिएका सुझाव कार्यान्वयन भए नभएको भन्ने सुचक समेत थप गरी अनुगमन मूल्याङ्कनलाई लैससास मैत्री वनाउदै लैजाने। |

| | | |
|---|---|---|
| | गरिनेछ। | |
| | **दोस्रो सः संस्थागत संरचना र सचेकीकरण**<br>क) संघीय तथा प्रादेशिक कानून कार्यविधिहरुमा व्यवस्था भए अनुरुप संस्थागत संरचनाहरु निर्माण गरी कार्यान्वयनमा जाने साथै पालिकाले निर्माण गर्ने हरेक ऐन कानून कार्यविधिहरुमा निर्माण हुने संस्थागत संरचनाहरुमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका दृष्टिकोणले बञ्चितिकरणमा परेका समुदायको सहभागिता सुनिश्चित गरिनेछ।<br>ख) लैङ्गिक समानता तथा समाजिक समावेशीकरण वारे संविधान, ऐन कानून नीति कार्यविधि दिग्दर्शनका प्रावधान कार्य प्रणाली र समावेशिताका वारेमा सवै सरोकारवाला पक्षहरुलाई अभिमुखीकरण गरि कार्यान्वयन तथा परिणाममा एकरुपता ल्याईनेछ।<br>ग) समाजमा विद्यमान कुरीतिहरु अन्धविश्वास तथा गलत परम्परा विरुद्ध सचेतनालाई हरेक कृयाकलापमा अकाट्य सवाल (Cross cutting issue) को रुपमा छलफल गरिनेछ। | |
| | **तेस्रो सः समन्वय सहकार्य र सहजीकरण**<br>क) विभिन्न शाखाहरुबीच आन्तरिक समन्वय गरी योजना तर्जुमा, बजेट विनियोजन, उपभोक्ता समूह गठन तथा त्यसको नेतृत्व, परिचालन, अनुगमन मूल्याङ्कनलाई लैससास मैत्री वनाईनेछ।<br>ख) प्रदेश सरकार, संघीय सरकार, विभिन्न दातृनिकायहरु, प्रतिष्ठान, आयोग, समिति, स्थानीय तह लगायत अन्य विकास साझेदारहरुबीच समन्वय गरी लैससास मैत्री नीति निर्माण, योजना तर्जुमा तथा त्यसको प्रभावकारी | |

| | | |
|---|---|---|
| | कार्यान्वयनको आधार तयार गरिनेछ।<br>ग) लैङ्गिक समानता तथा समाजिक समावेशीकरणका लागि पालिकाभित्र विभिन्न शाखाहरु तथा अन्य विकास साझेदारहरु (बैक, वित्तीय संस्था, सहकारी उद्योग वाणिज्य संघ, घरेलु उद्योग तथा गैह्र सरकारी संघ संस्था) बीच सहकार्य गरिनेछ।<br>घ) प्रदेश सरकार, संघीय सरकार, विभिन्न दातृनिकायहरु, प्रतिष्ठान, आयोग, समिति, स्थानीय तह लगायत अन्य विकास साझेदारहरुसंग लैससास मैत्री साझा प्रतिफल हासिल गर्न सहकार्य गरिनेछ।<br>ङ) वहिष्करणमा परेका वर्गहरुलाई आर्थिक सामाजिक गतिविधिहरुमा संलग्न हुन योजना तर्जुमा देखि अनुगमन मूल्याङ्कनसम्म हरेक चरणमा वस्ती तथा समुदाय स्तरमा नै सहजिकरण गर्ने संयन्त्र विकास गरी परिचालन गरिनेछ।<br>च) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा काम गर्ने सरकारी गैह्रसरकारी संघ संस्था तथा विभिन्न प्रतिष्ठान आयोग समितिहरुमा समन्वय सहकार्यका लागि संयन्त्र मार्फत नियमित रुपमा सहजिकरण गरिनेछ। | |
| | **चौथो सः सामाजिक संरक्षण र सुरक्षा**<br>क. बालबालिका, जेष्ठ नागरिक,अपाङ्गता भएका ब्यक्तिहरु तथा एकल महिलाहरुको संरक्षणका साथै स्वास्थ्य शिक्षा तथा जीविकोपार्जनमा सहयोग गर्दै लगिनेछ।<br>ख. सामाजिक सुरक्षा अन्तरगत अल्पसंख्यक, सिमान्तकृत, लोपोउन्मुख जातजातीहरु, दलित, मुस्लिम लगायत वर्गको स्वास्थ्य, शिक्षा तथा जीविकोपार्जनमा सहयोग गर्दै लगिनेछ। | |

## ८. रणनैतिक कृयाकलापहरू

यस कर्जन्हा नगरपालिकामा लैंगिक समानता तथा सामाजिक समावेशीकरणलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि नगरपालिकामा रहेका अशक्त, गरीब तथा लक्षित वर्गलाई मूलप्रवाहीकरण गर्न तल उल्लेखित रणनैतिक क्रियाकलापहरु तय गरिएको छः

| क्र.सं. | उद्देश्य | रणनीति | रणनैतिक कृयाकलाप | मापनका सूचकहरू |
|---|---|---|---|---|
| १ | लैससास सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धता सन्धि संझौताहरु र नीति कानुन कार्यान्वयन गरी मूल प्रवाहीकरण गर्ने | समस्या र सवालहरूको पहिचान तथा लेखाजोखा गरि नीतिगत ब्यवस्थाहरू, संस्थागत प्रणाली तथा संरचनाहरू, योजना, बजेट, सेवामूलक कार्य, अनुगमन, मूल्यांकन र अनुसन्धान कार्यमा समान अवसर मार्फत सवाल र समस्याको सम्बोधन गर्दै विकास प्रक्रियामा मूलप्रबाहीकरण गरिनेछ | • सवालहरूको पहिचान अध्ययन<br>• योजना र बजेटमा लक्षित समुदायको लागि निश्चित प्रतिशत छुट्ट्याउने<br>• नगरपालिकाले बनाएका र बनाउने नीतिहरूलाई लैससासको दृष्टिकोणबाट विश्लेषण गर्ने<br>• दिगो विकास लक्ष्य स्थानीयकरणका लागि नगरपालिकाका पदाधिकारी र कर्मचारीहरुलाई क्षमता विकास र परिचालन गर्ने<br>• वेइजिङ्ग सम्मेलनले गरेका १२ प्रतिवद्धता, संयुक्त राष्टसंघीय बाल अधिकार महासन्धी १९८९ तथा संयुक्त राष्ट संघीय सुरक्षा परिषदको दस्तावेजका प्रस्ताव नं. | अध्ययन प्रतिवेदन<br><br>योजना र बजेटको प्रति<br><br>सम्पन्न क्षमता विकास कार्यमको प्रतिवेदनहरू |

| क्र.सं. | उद्देश्य | रणनीति | रणनैतिक कृयाकलाप | मापनका सूचकहरू |
|---|---|---|---|---|
| | | | १३२५ र १८२०, आईएलओ १६९ को वारेमा जनप्रतिनिधि र कर्मचारीहरुलाई अभिमुखीकरण गरी कार्यान्वयन गर्ने<br>• उल्लेखित सन्धी र प्रतिवद्धताहरु स्थानीयकरण गरी वार्षिक कार्यक्रममा समावेश गर्दै कार्यान्वयनका लागि कानुन कार्यविधि तयार गर्ने | |
| २ | लैङ्गिक उत्तरदायी बजेट निर्माण मार्फत महिला सहभागिता अभिवृद्धि गरेर लैङ्गिक उत्तरदायी शासन पद्धति अवलम्वन गर्ने | लैङ्गिक उत्तरदायी बजेट मार्फत सवै क्षेत्रमा महिला सहभागिता अभिवृद्धि गरि लैङ्गिक मूलप्रवाहीकरण गरिनेछ | • बार्षिक योजना तर्जुमाको चरणमा लैङ्गिक उत्तरदायी बजेट तयार गर्ने | लैङ्गिक उत्तरदायी बजेट विश्लेषण प्रतिवेदन |
| ३ | श्रोत साधनमा लक्षित वर्गको पहुँच अभिवृद्धि गरी न्यायोचित वितरणलाई संस्थागत गर्ने | विकासका अवसरवाट वञ्चित समुदायलाई आर्थिक सामाजिक तथा राजनैतिक क्षेत्रसंग सम्बन्धित सवै कृयाकलापहरुमा अर्थपूर्ण सहभागिता गराई समावेशी शासन प्रणालीको अवलम्वन गरिनेछ | • लक्षित समुदायको सहभागिता सुनिश्चित गरिने निर्देशिका तयार गर्ने<br>• सबै क्षेत्रमा नेतृत्व तहमा महिला तथा लक्षित वर्गको समानुपातिक सहभागिताको लागि कानुनी व्यवस्था गर्ने | निर्देशिका र कानुनको प्रति |

| क्र.सं. | उद्देश्य | रणनीति | रणनैतिक कृयाकलाप | मापनका सूचकहरू |
|---|---|---|---|---|
| | | बञ्चितिकरणमा परेको समुदायलाई अवसरमा प्राथमिकतासंगै क्षमता विकास तथा सीप विकास गरी सामाजिक र आर्थिक क्षेत्रका सवै कृयाकलापहरुमा प्रतिस्पर्धीको रुपमा आउन सक्ने वनाईनेछ। | • क्षमता विकासका लागि योजना तथा बजेट सुनिश्चित गर्ने<br>• सीप विकास कृयाकलाप संचालन गर्ने<br>• बेटी बहु चलु स्कूल हम सव मिलके समाज बदलु अभियान संचालन गर्ने<br>• बञ्चितिकरणमा परेका समुदायका लागि विशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने | योजना तथा बजेट दस्तावेज कृयाकलाप सम्पन्न प्रतिवेदन |
| | | स्वरोजगार र उद्यमशिलताको एकिकृत कार्यक्रमका माध्यमवाट महिला तथा बञ्चितिकरणमा परेका वर्गको आर्थिक सशक्तिकरण गरिनेछ | • महिला तथा लक्षित समूहका लागि आर्थिक अभिवृद्धि सम्बन्धी कार्यक्रम बनाउने | |
| | | कृषि, पशुपालन, सहकारी, घरेलु उद्योग तथा पर्यटन विकासको माध्यमवाट विपन्न तथा बञ्चितिकरणमा परेका समुदायलाई रोजगारी प्रदान गर्ने तथा स्वरोजगार वन्ने अवसर प्रदान गरिनेछ | • कृषि, पशुपालन, सहकारी, घरेलु उद्योग तथा पर्यटन विकासका लागि आधुनिक सीप प्रदान गर्ने | |
| | | चुस्त र दुरुस्त संस्थागत संरचना मार्फत योजनाबद्ध रुपमा व्यक्तिगत र सामूहिक सचेतीकरण तथा क्षमता अभिबृद्धि गरी नगरपालिकाको समग्र विकास प्रक्रियामा निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा सामाजिक क्षमता बिकास गरिनेछ | • महिला कर्मचारीको क्षमता विकास गर्दै नगरपालिकाको शाखा प्रमुख लगायत अन्य तहहरुको नेतृत्व तहमा महिलालाई अवसर प्रदान गर्ने<br>• लक्षित वर्गको समग्र विकासको | पदिय जिम्मेवारी देखिने प्रति |

| क्र.सं. | उद्देश्य | रणनीति | रणनैतिक कृयाकलाप | मापनका सूचकहरू |
|---|---|---|---|---|
| | | | लागि महिला, जनजाति तथा जेष्ठ प्रतिनिधि समावेश गरी विशेष कार्यदल गठन गर्ने | |
| ४ | संस्थागत व्यवस्था अन्तरगत कार्यप्रणाली, वित्त व्यवस्थापन एवं तथ्याङ्कमा समेत महिला एवम लक्षित वर्गको समावेशितालाई सुनिश्चित गरी आर्थिक रुपमा सशक्तिकरण गर्ने | संघीय तथा प्रादेशिक कानून कार्यविधिहरुमा व्यवस्था भए अनुरुप संस्थागत संरचनाहरु निर्माण गरी कार्यान्वयनमा जाने साथै पालिकाले निर्माण गर्ने हरेक ऐन कानून कार्यविधिहरुमा निर्माण हुने संस्थागत संरचनाहरुमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका दृष्टिकोणले बञ्चितिकरणमा परेका समुदायको सहभागिता सुनिश्चित गरिनेछ | • क्षमता विकासका लागि योजना तथा बजेट सुनिश्चित गर्ने | योजना तथा बजेटको प्रति |
| | | संविधान, ऐन कानून नीति कार्यविधि दिग्दर्शनका प्रावधान कार्य प्रणाली र समावेशिताका वारेमा सबै सरोकारवाला पक्षहरुलाई अभिमुखीकरण गरि कार्यान्वयन तथा परिणाममा एकरुपता ल्याईनेछ | • सरोकारवालाहरूलाई सहभागी गराई अभिमुखीकरण कार्यक्रम संचालन गर्ने | कार्यक्रम सम्पन्न प्रतिवेदन |
| | | समाजमा विद्यमान कुरीतिहरु अन्धविश्वास तथा गलत परम्परा विरुद्ध सचेतना वृद्धि गरिनेछ | • कुरीति, अन्धविश्वास र गलत परम्परा विरुद्ध सचेतना कार्यक्रम संचालन गर्ने<br>• कार्यक्षेत्रमा हुने यौनजन्य दुर्व्यवहार, जातिय भेदभाव तथा महिला हिंसा नियन्त्रण गर्न आचारसंहिता निर्माण गरी लागू गर्ने | कार्यक्रम सम्पन्न प्रतिवेदन<br><br>आचारसंहिताको प्रति |

| क्र.सं. | उद्देश्य | रणनीति | रणनैतिक कृयाकलाप | मापनका सूचकहरू |
|---|---|---|---|---|
| ५ | सम्पर्क, समन्वय र सहकार्यको माध्यमबाट हानिकारक मूल्य मान्यता कुसंस्कार विरुद्ध जनचेतना वृद्धि गरी सामाजिक दृष्टिकोण परिवर्तन गर्दै समृद्ध र लैङ्गिक तथा सामाजिक समावेशितामा आधारित समाज स्थापना गर्ने | विभिन्न शाखाहरुबीच आन्तरिक समन्वय गरी योजना तर्जुमा, बजेट विनियोजन, उपभोक्ता समूह गठन तथा त्यसको नेतृत्व, परिचालन, अनुगमन मूल्याङ्कनलाई लैससास मैत्री वनाईनेछ | • लैससास प्रवर्द्धनका लागि नगरपालिकामा रहेका शाखा प्रमुखहरुको नियमित बैठक बस्ने | बैठक माईन्युट |
| | | प्रदेश सरकार, संघीय सरकार, विभिन्न दातृनिकायहरु, प्रतिष्ठान, आयोग, समिति, स्थानीय तह लगायत अन्य विकास साझेदारहरुबीच समन्वय गरी लैससास मैत्री नीति निर्माण, योजना तर्जुमा तथा त्यसको प्रभावकारी कार्यान्वयनको आधार तयार गरिनेछ | • नगरपालिकाको अगुवाईमा विभिन्न सरोकारवालाहरूसंग नियमित समन्वय र सहकार्य बैठक संचालन गर्ने | बैठक माईन्युट |
| | | लैङ्गिक समानता तथा समाजिक समावेशीकरणका लागि पालिकाभित्र विभिन्न शाखाहरु तथा अन्य विकास साझेदारहरु (बैक वित्तीय संस्था सहकारी उद्योग वाणिज्य संघ घरेलु उद्योग तथा गैह सरकारी संघ संस्था) वीच सहकार्य गरिनेछ | • नगरपालिकाको अगुवाईमा विभिन्न सरोकारवालाहरूसंग नियमित समन्वय र सहकार्य बैठक संचालन गर्ने | सहकार्य गरिएको सम्झौताको प्रति |
| | | प्रदेश सरकार, संघीय सरकार, विभिन्न दातृनिकायहरु, प्रतिष्ठान, आयोग, समिति, स्थानीय तह लगायत अन्य विकास साझेदारहरुसंग लैससास मैत्री साझा प्रतिफल हासिल गर्न सहकार्य गरिनेछ | • विभिन्न सरकारी तथा सहयोगी संस्थाहरूसंग लैससासमैत्री साझा प्रतिफल हासिल गर्नका लागि सहकार्य गर्ने | सहकार्य गरिएको सम्झौताको प्रति |
| ६ | शिक्षा, स्वास्थ्य खानेपानी तथा सरसफाइसंग सम्बन्धित सेवा प्रवाहमा लैससासलाई प्राथमितामा राख्ने र प्रत्येक | बालबालिका, जेष्ठ नागरिक,अपाङ्गता भएका ब्यक्तिहरु तथा एकल महिलाहरुको संरक्षणका साथै स्वास्थ्य शिक्षा तथा जीविकोपार्जनमा सहयोग गर्दै लगिनेछ | • नगरपालिकाबाट बालबालिका, जेष्ठ नागरिक,अपाङ्गता भएका ब्यक्तिहरु तथा एकल महिलाहरुको लागि सामाजिक | कार्यक्रमको विवरणको प्रति |

| क.सं. | उद्देश्य | रणनीति | रणनैतिक कृयाकलाप | मापनका सूचकहरू |
|---|---|---|---|---|
| | चरणमा लैससास दृष्टिकोणवाट अनुगमन मूल्याङ्कन गर्ने परिपाटीलाई संस्थागत गर्ने | | सुरक्षाका कार्यक्रम संचालन गर्ने | |
| | | सामाजिक सुरक्षा अन्तरगत अल्पसंख्यक, सिमान्तकृत, लोपोउन्मुख जातजातीहरु, दलित, मुस्लिम लगायत वर्गको स्वास्थ्य, शिक्षा तथा जीविकोपार्जनमा सहयोग गर्दै लगिनेछ | • नगरपालिकाबाट अल्पसंख्यक, सिमान्तकृत, लोपोउन्मुख जातजातीहरु, दलित, मुस्लिम लगायत वर्गको स्वास्थ्य, शिक्षा तथा जीविकोपार्जनमा प्रत्यक्ष सहयोग पुग्ने कार्यक्रम संचालन गर्ने | कार्यक्रमको विवरणको प्रति |
| | | वहिष्करणमा परेका वर्गहरुलाई आर्थिक सामाजिक गतिविधिहरुमा संलग्न हुन योजना तर्जुमा देखि अनुगमन मूल्याङ्कनसम्म हरेक चरणमा वस्ती तथा समुदाय स्तरमा नै सहजिकरण गर्ने संयन्त्र विकास गरी परिचालन गरिनेछ | वहिष्करणमा परेका वर्गहरुलाई आर्थिक सामाजिक गतिविधिहरुमा संलग्न हुन योजना तर्जुमा देखि अनुगमन मूल्याङ्कनसम्मको चरणहरूमा सहभागी सुनिश्चित गराउने नीति तर्जुमा गर्ने | सहभागिता सुनिश्चत हुने नीतिको प्रति |

## ९. वित्त व्यवस्थापन

यस नगरपालिकाबाट तयार भएको रणनैतिक कृयाकलापहरु संचालन र कार्यान्वयन गर्नका लागि वित्तको आवश्यक पर्ने हुँदा अतिरिक्त वाह्य श्रोत प्राप्त गरेर हाल संचालन भइरहेको बजेट नीति तथा कार्यक्रमहरुबाट कार्यान्वयनमा लैससास मैत्री वनाउन निम्न कार्यहरु गरिनेछः

क) लैससास लक्षित कार्यक्रमका लागि नगरपालिकाले बार्षिक रुपमा निश्चित प्रतिशत निर्दिष्ट वजेट विनियोजन गर्ने।

ख) भौतिक पुर्वाधार निर्माणका कार्यक्रमहरुमा कामको विभाजन गरि योग्यता अनुसारको काम सवै लक्षित वर्गले गर्न पाउने गरि नीतिगत व्यवस्था गर्ने।

ग) लैङ्गिक उत्तरदायी वजेट कार्यान्वयन गरि महिला सहभागिता अभिवृद्धि गर्ने।

घ) स्थानीय तहमा कार्यरत विकास साझेदारहरुलाई वार्षिक कार्यक्रम तयार गरी स्थानीय तहसंग सहकार्य गर्न निर्देशन दिने।

ङ) स्थानीय तहको सिफारिसमा सहुलियत दरको ऋण उपलव्ध गराइ वित्तीय सहयोग पुर्याउन बैंक तथा वित्तीय संघ संस्थाहरुसंग समन्वय गर्ने।

च) संघीय तथा प्रादेशिक मन्त्रालयहरुमा लक्षित विकास कार्यक्रम अन्तर्गत विनियोजित बजेटले तय गरेका विषयगत क्षेत्रहरुको अध्ययन गरी आवश्यक परियोजना प्रस्ताव तयार गरेर अधिकतम श्रोत प्राप्त गर्न आवश्यक जनशक्ति परिचालन गर्ने ।

छ) सरकारी तथा अन्तराष्ट्रिय गैह्र सरकारी संस्था तथा दातृ निकायहरुमा समन्वय गरी थप बजेट व्यवस्थापन गर्ने।

## १०. कानुनी व्यवस्था

यस रणनीतिलाई कार्यान्वयनमा ल्याउनका लागि कर्जन्हा नगरपालिकाको कार्यपालिका बैठकमा प्रस्ताव राखी छलफल गरी अनुमोदन गर्नुपर्नेछ। यस रणनीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि आवश्यक पर्ने नियमावली तथा कार्यविधि बनाई लागू गर्नुपर्नेछ।

## ११. रणनीति कार्यान्वयनको जिम्मेवारी तथा दायित्व

लैससासबारे संबिधान, वर्तमान संघीय शासन स्वरूप नीति, नियम, ऐन, कानुन, कार्यबिधि आदिमा भएका व्यवस्थाहरूको सबै सरोकारवालाहरूसंग प्रभाबकारी समन्वय कायम गरि कार्यान्वयन गर्न चुस्त दुरूस्त संस्थागत संरचना निर्माण गरि सम्पूर्ण कामहरू गर्ने सन्दर्भमा सामाजिक विकास शाखाले लैससास, महिला, आदिबासी जनजाति, वालवालिका, किशोरकिशोरी तथा युवा, अपाङ्गता तथा जेष्ठनागरिक, गैसस परिचालन, समन्वय तथा निगमन र सामाजिक सुरक्षा कार्यक्रम तथा व्यक्तिगत घटना दर्ता सम्बन्धि कामहरू गर्नेछ। साथै यस शाखाले निम्न थप कार्यहरू गर्न सक्नेछः

क) नगरपालिका भित्रका पछाडि परेका वा पारिएका असक्त, गरीब, बिकासका अवसरबाट बञ्चित, श्रोत र साधनमा पहुँच तथा नियन्त्रणमा पछाडि परेका असक्त, गरीब तथा लक्षित वर्गसमूह आदिको खण्डिकृत तथ्याङ्क संकलन एवम् विश्लेषण गर्नेछ।

ख) महिला, बालबालिका, आदिबासी जनजाति, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू, मधेसी, दलित, मुस्लिम, पछाडि परेको वर्ग, अल्पसंख्यक तथा अन्य सीमान्तकृत समूह आदिको हक सम्वन्धि नीति, योजना कार्यन्वयन, समन्वय र नियमन गर्नेछ ।

ग) लैससास तथा लैङ्गिक उत्तरदायी योजना तथा बजटेको अवधारणाको प्रवर्द्धन गरि यसै अनुसार सामाजिक विकासका लागि योजना तथा कार्यक्रम बनाई लागू गर्नेछ।

घ) सहभागितात्मक योजना तर्जुमा र कार्यन्वयनमा लक्षित (महिला तथा बञ्चितिमा परेका वर्ग) समूहको पनि सहभागिता गराई लैङ्गिक उत्तरदायी बजेट विधि मार्फत नतिजामूखी योजना तर्जुमा गर्नेछ।

ङ) महिला, बालबालिका, आदिबासी जनजाति, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू, मधेसी, दलित, मुस्लिम, पछाडि परेका वर्ग, अल्पसंख्यक तथा अन्य सीमान्तकृत समूह आदिको आर्थिक, सामाजिक सशक्तिकरण र क्षमता विकास गर्नेछ।

च) लैंङ्गिक हिंसा नियन्त्रणका लागि निरोधात्मक, प्रबर्द्धनात्मक, संरक्षणात्मक उपाय र पुनस्थापना गर्नेछ।

छ) लैङ्गिक पक्ष सम्वन्धि व्यक्तिगत जिम्मेवारीमा सहयोग, समन्वय र सहजीकरण गर्ने र यस सम्वन्धि गुनासो ब्यबस्थापन संयन्त्र निर्माण गरि कार्यान्वयन गर्नेछ।

ज) नगरपालिकाको योजना तथा कार्यक्रमको अनुगमन र मूल्यांकनका साथै संस्थागत रुपमा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट परीक्षण नियमित रुपमा गर्नेछ।

झ) सञ्चार माध्यमबाट स्थानीय भाषामा लैससास सम्वन्धी संदेशहरूको प्रचारप्रसार, प्रबर्द्धन र संरक्षण गर्नेछ।

ञ) महिला, बालबालिका, आदिबासी जनजाती, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू, मधेसी, दलित, मुस्लिम, पछाडि परेका वर्ग, अल्पसंख्यक तथा अन्य सीमान्तकृत समूह आदिको क्षमता अभिवृद्धि, आय आर्जन र रोजगारी वृद्धि गर्नेछ।

ट) लैससासको अवधारणा अनुसार कार्यस्थलको नकारात्मक संस्कारमा सुधारको पहल गर्नेछ।

ठ) लैससास सम्बन्धी असल अभ्यास र अनुकरणीय कामको प्रचारप्रसार गर्न उत्प्रेरित गर्ने गराउनेछ।

ड) सबै योजना र कार्यक्रमको लैससास मैत्री अनुगमन, प्रतिवेदन र मूल्यांकन गर्ने गराउनेछ।

## १२. रणनीति कार्यान्वयन संरचना

लैससास रणनीति कार्यान्वयनको प्रमुख जिम्मेवारी नगरपालिकाका प्रमुखको संयोजकत्वमा गठित लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण कार्यान्वयन समितिको हुनेछ।यस समितिमा नगरपालिकाको उपप्रमुख, कार्यपालिका सदस्यहरू मध्येबाट एकजना महिला सहित २ जना, लक्षित वर्गको क्षेत्रमा कार्य गर्ने व्यक्ति वा संस्थाबाट एकजना महिला सहित २ जना र प्रमुख प्रशासकीय अधिकृत सदस्य रहने छ।सामाजिक विकास शाखा प्रमुख सदस्य सचिव रहनेछ।यस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) नगरपालिकाभित्रको महिला, बालबालिका, युवा, जेष्ठ नागरिक, अपांङ्गता, आदिवासीजनजाति, मधेसी, मुस्लिम, अल्पसंख्यक तथा अन्य आर्थिक, भौगोलिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पिछडिएको समुदायको खण्डीकृत तथ्याङ्क संकलन एवम् विश्लेषण गर्ने।
ख) लैङ्गिक आर्थिक, भौगोलिक, सामाजिक तथा सांस्कतिक दृष्टिले पिछडिएको समुदायको समग्र स्थितिको अध्ययन गरी तत् सम्बन्धि गर्नुपर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषयमा नगरसभा समक्ष सिफारिस गर्ने।
ग) संघ तथा प्रदेश सरकारबाट भएका रणनीति, नीति, योजना तथा कार्यक्रम कार्यान्वयन गर्न सहयागे गर्ने गराउने।
घ) लैङ्गिक, आर्थिक, भौगोलिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पिछडिएको समुदायको हकहितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणका लागि स्थानीय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि नगरसभा समक्ष सिफारिस गर्ने।
ङ) यस नीतिसंग सम्वन्धित कार्यक्रम तथा योजना कार्यन्वयनमा सहयोग गर्ने तथा आवश्यक सुझाव दिने र कार्यक्रम कार्यान्वयनको समीक्षा, अनुगमन तथा मूल्यांकन गर्ने।
च) नगरपालिकाको नियमित रुपमा लैङ्गिक तथा सामाजिक समावेशी बजेट परीक्षण गर्ने।
छ) लैससासंग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धी, संझातौहरूको समन्वय, सहकार्य, सहजीकरण र कार्यान्वयन गर्ने गराउने।
ज) नगरपालिकामा क्षेत्रभित्र लैससाससंग सम्वन्धि काम गर्ने संघसंस्थाहरूसंग समन्वय, सहकार्य र सहजीकरण गर्ने।

नगरपालिकाको प्रत्येक वडामा यस नीतिसँग सम्वन्धित कार्यक्रम तथा योजना कार्यान्वयनमा सहयोग गर्न एक वडा स्तरीय समिति गठन गरिनेछ जसमा सम्वन्धित वडाका वडा अध्यक्ष संयोजक रहनेछ।यसैगरी सदस्यहरूमा वडा सदस्यहरू, सम्बन्धित वडा समितिले लक्षित वर्गको क्षेत्रमा काम गर्ने व्यक्ति वा संस्थाबाट एकजना महिला सहित मनोनित २ जना रहनेछ भने सदस्य सचिवमा सम्बन्धित वडाको वडा सचिव रहनेछ।यस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) वडाभित्रका महिला,बालबालिका, युवा, जेष्ठ नागरिक, अपांङ्गता, आदिवासी जनजाति, मधेसी, मुस्लिम, अल्पसंख्यक तथा अन्य आर्थिक, भौगौलिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पिछडिएको समुदायको खण्डीकृत तथ्याङ्क संकलन गर्ने।
ख) वडा भित्रका महिला, बालबालिका, युवा, जेष्ठ नागरिक, अपांङ्गता, आदिवासी जनजाति, अल्पसंख्यक तथा अन्य आर्थिक, भौगोलिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पिछडिएका समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणकाको लागि कार्यक्रम बनाई वडामा पेश गर्ने।
ग) वडाभित्र योजना छनौट प्रकृयामा महिला, बालबालिका, युवा, जेष्ठ नागरिक, अपांङ्गता, आदिवासी जनजाति, मधेसी, मुस्लिम, अल्पसंख्यक आदि समुदायको अर्थपूर्ण सहभागिता अनिवार्य गर्ने गराउने।
घ) वडाका सबै संरचनाहरूमा ३३ प्रतिशत महिलाको सहभागिताको सुनिश्चिता गर्ने र ५० प्रतिशतको लागि आवश्यक पहल गर्ने।

ङ) यस नीतिसंग सम्वन्धित कार्यक्रम तथा योजना कार्यन्वयनमा सहयोग गर्न क्षमता अभिबृद्धिको क्षेत्र पत्ता लगाउने र उनीहरूको कार्यक्रमलाई लैससास मैत्री बनाउन सहजीकरण गर्ने।

च) वडाको वार्षिक तथा आवधिक योजना, कार्यक्रम तथा बजेट लैससास उत्तरदायसी वा संवदेनशिल भए नभएको सुनिश्चित गर्ने, विश्लेषण गर्ने र वर्षको अन्तिममा नियमित लैससास परीक्षण गराउन सहजीकरण गर्ने।

छ) वडा कार्यालयको कार्यक्षेत्रभित्र लैङ्गिक हिंसा तथा घरेलु हिंसाको उजुरी गर्ने प्रचलन अति न्यून रहेको, उजुरी भैहाले पनि उजुरीकर्ताको सुरक्षाको निम्ति कुनै व्यवस्था नरहेकाले वडा कार्यालयको कार्यक्षेत्रभित्र लैङ्गिकहिंसा, घरेलु हिंसा र दुर्व्यबहार सम्बन्धि विषयमा प्राप्त गुनासाहरू लैससास नीति समन्वय, सहजीकरण, कार्यान्वयन, सुपरीबेक्षण तथा अनुगमन समितिलाई जानकारी गराउने र आवश्यक समन्वय गर्ने गराउने ।

ज) लैससासको अवस्था विश्लेषण गर्न गराउन आवश्यक समन्वय गर्ने।

झ) लैससास सम्बन्धित आचारसहिंता निर्माण गर्न सहजिकरण गर्ने।

ञ) लैससासमा काम गर्ने आन्तरिक र बाह्य संघसस्थासँग समन्वय र सहकार्य गर्ने।

सवै शाखा तथा वडा कार्यालयहरुले सवै कृयाकलापमा यो रणनीति अनुसार कार्य सम्पादनको दायित्व निर्वाह गर्नु पर्ने हुन्छ। योजना तर्जुमा तथा बजेट निर्धारणको समयमा रणनीतिमा उल्लेख भएका कृयाकलापहरु समावेश भए नभएको हेर्ने जिम्मेवारी अनुगमन समितिका संयोजकको हुनेछ। आवश्यकता अनुसार विषय विज्ञहरु राखेर अल्पकालिन समिति निर्माण गरि रणनीति कार्यान्वयनमा छुटेका विषयहरु पहिचान गर्न सकिनेछ। यस कर्जन्हा नगरपालिकामा कार्यरत सवै संघसंस्था तथा विकास साझेदारहरुले लैससास रणनीति कार्यान्वयनमा जिम्मेवारी वहन गर्नु पर्नेछ। रणनैतिक कृयाकलापका वारेमा सवै सरोकारवाला निकायहरुलाई अभिमुखीकरण गरि वार्षिक प्रगति प्रतिवेदनमा लैसाससको अवस्था प्रष्ट हुने गरि पेश गर्ने व्यवस्था मिलाईनेछ। लैससास परिक्षण दिग्दर्शन २०७८ ले व्यवस्था गरे अनुसार पालिका र वडा स्तरीय समितिले आफ्नो काम, कर्तव्य र अधिकार प्रयोग गरी लैससास रणनीति कार्यान्वयनमा प्रभावकारी भूमिका खेल्नेछ र लैससासको सन्दर्भमा पालिकाले लिएको दीर्घकालिन सोच प्राप्तिमा योगदान गर्नेछ।

## १३. रणनीति कार्यान्वयन अनुगमन सम्बन्धि व्यवस्था

यस नगरपालिकाले रणनीति कार्यान्वयनको अनुगमन गर्नका लागि तल उल्लेखित व्यवस्था गर्नेछः

- यस नीति कार्यान्वयन समितिको अगुवाई र विषयविज्ञको सहयोगमा नगरपालिकाले तयार गरेका कानुनहरूको समीक्षा गर्नेछ र आवश्यक भएमा परिमार्जनका लागि सिफारिस गरिनेछ ।
- रणनीति कार्यान्वयनको सम्वन्धमा मुख्य रुपमा लैङ्गिक उत्तरदायी बजेट र लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परीक्षणसंग रहन्छ । लैससास परीक्षण दिग्दर्शनले निर्दिष्ट गरेका १०० वटा सूचकहरुको आधारमा रणनीति कार्यान्वयन भए नभएको अनुगमन गरिनेछ ।
- नगरपालिका भित्र कार्यरत सवै संघ संस्था तथा विकास साझेदारहरुलाई वार्षिक रुपमा कार्यक्रमको समीक्षा गर्दा लैससासको दृष्टिकोणले समेत गरेर प्राप्त उपलव्धि र समस्याहरुको पहिचान सहितको प्रतिवेदन पेश गर्ने व्यवस्था गरिनेछ।

- नगरपालिकामा कार्यरत विभिन्न सरोकारवाला संघसंस्थाहरूको प्रतिनिधित्वमा सामाजिक विकास शाखा अन्तर्गत लैससास अनुगमन संयन्त्रको स्थापना गरिनेछ । जसले रणनीतिमा उल्लेख गरिएका कृयाकलापहरु नगरपालिकाको वार्षिक कार्यक्रममा समावेश भए नभएको एकिन गर्ने र सम्बन्धित पक्षलाई सुझाव प्रदान गर्ने छ। वार्षिक कार्यक्रममा समावेश भएका कृयाकलापहरु कार्यान्वन कसरी भइरहेको छ सोको समेत अनुगमन गरि प्रमुख प्रशासकीय अधिकृत मार्फत प्रतिवेदन पेश गर्ने व्यवस्था मिलाईनेछ।

## १४. जोखिमता र जोखिम निराकरणका उपायहरू

उल्लेखित नीति र रणनीतिहरुको प्रभावकारी कार्यान्वयनको क्रममा आउन सक्ने सम्भाव्य जोखिम तथा चुनौती र जोखिमको निराकरणका लागि देहाय बमोजिमका उपायहरुको अबलम्बन गरिने छः

| सम्भाव्य जोखिम | जोखिम न्युनीकरणका लागि ध्यान दिनुपर्ने कुराहरू |
|---|---|
| • लैससासको विषयमा समान बुझाईको अभाव हुनु तथा स्थानिय तहको प्राथमितामा नपर्नु । | • सहभागितामुलक तालिम, गोष्ठी तथा छलफलबाट समान बुझाई बनाउने प्रयत्न गरिने र लैससासलाई प्राथमितामा राख्ने नीतिगत व्यवस्था गर्ने । |
| • खण्डिकृत तथ्याङ्क तथा सूचांकहरुको आधारमा योजना कार्यक्रमहरु तयार हुन नसक्नु । | • योजना तर्जुमा तथा अनुगमन पद्धतिलाई तथ्याङ्कमा आधारित बनाउने । |
| • सार्वजानिक तथा निजी क्षेत्रका सबै संरचनाहरूमा महिलाको समानुपातिक सहभागिता नहुँदा लैङ्गिक समानता रणनीतिको कार्यान्वयन तथा अनुगमन सही ढंगबाट नहुन सक्दछ । | • सार्वजानिक तथा निजी क्षेत्रका प्रतिनिधिहरुसंग बसी नियमित अन्तक्र्रया र छलफल गर्ने साथै लैससास प्रवद्र्धनका लागि आवश्यक निर्देशन प्रदान गर्ने । |
| • लैससास बहुपक्षीय सरोकार राख्ने विषय भएकोले समन्वय र सहयोगमा समस्या हुनसक्दछ । | • बहुपक्षीय सरोकारवालाहरुसंगको समन्वय तथा सहकार्य बढाउने। |
| • लैससास रणनीति कार्यान्वयनमा आवश्यक क्षमतायुक्त र दक्ष जनशक्तिको सिमितता हुन सक्दछ । | • विषय विज्ञहरुसंग नियमित रुपमा छलफल र परामर्श गर्ने । |
| • विषयगत शाखा तथा अन्य सरोकारवालाहरुवीच लैससास रणनीति कार्यान्वयनमा अन्यौल, विविधता तथा दोहोरोपना हुन सक्दछ । | • नगरपालिकाका हरेक वैठकमा लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण सम्बन्धी कार्यहरुको समीक्षा गर्ने । |
| • आर्थिक स्रोतको अभाव हुनु । | • नगरपालिकाको एकमुष्ठ बजेटबाट लक्षित समुदायको लागि निश्चित न्युनतम प्रतिशत बजेट तोकेरै योजना तथा कार्यक्रम तयार गर्ने र बजेट बढाउदै लैजाने । |

## १५. निष्कर्ष

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको लागि संघीय तथा प्रदेश स्तरमा बनेका नीति तथा कानुनहरुलाई कार्यान्वयन गर्न र अन्तराष्ट्रिय तहमा भएका सन्धि सम्झौताका साथै प्रतिवद्धताहरुलाई पूरा गर्नका लागि बार्षिक नीति कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्दै जानुपर्ने देखिन्छ । यस नगरपालिकामा बनेका नीतिहरुको अध्ययन गर्दा नीतिहरु बन्ने तर त्यसको विषयमा जानकारी समेत नहुने र कार्यान्वयन पक्ष कमजोर भएकोले बनेका नीति नियम र कार्यविधिहरुको के कति कार्यान्वयन भए नभएको समीक्षा गर्दै यसलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको नजरले मूल्यांकन गर्ने परिपाटी विकास गर्दै लैजानु पर्दछ। नगरपालिकाले लक्षित वर्गलाई न्यायोचित अवसर दिई अगाडी बढाउने हो भने लक्ष्य प्राप्ति हुने देखिन्छ। कर्जन्हा नगरपालिकाका जनप्रतिनिधि र कर्मचारीहरुबाट यस विषयलाई महत्वका साथ लिएकोले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण प्रक्रिया कार्यान्वयन गर्न सहज हुने देखिन्छ र यस क्षेत्रमा एक नमूना स्थानीय तहको रुपमा कर्जन्हा नगरपालिका स्थापित हुने सम्भावना रहेको छ।

♦